बैठक नं. ५७

आज मिति २०८२/१२/०१ गतेका दिन यस रामग्राम नगरपालिकाका नगर प्रमुख श्री धनपत यादव ज्यूको अध्यक्षता तथा तपसिलका कार्यपालिका सदस्यहरुको उपस्थितीमा नगर कार्यपालिकाको बैठक बसियो ।

उपस्थिति:

| नाम | वडा नं | पद |
|---|---|---|
| श्री धनपत यादव | | नगर प्रमुख |
| श्री सम्झना चौधरी | | नगर उपप्रमुख |
| श्री रुद्र प्रकाश उपाध्याय | १ | वडा अध्यक्ष |
| श्री निरज रौनियार | २ | वडा अध्यक्ष |
| श्री उज्जवल न्यौपाने | ३ | वडा अध्यक्ष |
| श्री मदन यादव | ४ | वडा अध्यक्ष |
| श्री रामवृक्ष अहिर | ५ | वडा अध्यक्ष |
| श्री विद्या सागर त्रिपाठी | ६ | वडा अध्यक्ष |
| श्री रबिन्द्र यादव | ७ | वडा अध्यक्ष |
| श्री महेन्द्र ठाकुर | ८ | वडा अध्यक्ष |
| श्री भोजनारायण यादव | ९ | वडा अध्यक्ष |
| श्री सुरेश यादव | १० | वडा अध्यक्ष |
| श्री धनिराम यादव | ११ | वडा अध्यक्ष |
| श्री ~~लोक बहादुर चौधरी~~ का. वा. पशुपति कोइरी | १२ | वडा अध्यक्ष |
| श्री असनारायण प्रसाद चौधरी | १३ | वडा अध्यक्ष |
| श्री ओम प्रकाश यादव | १४ | वडा अध्यक्ष |
| श्री धनपत यादव | १५ | वडा अध्यक्ष |
| श्री बिजय कुमार यादव | १६ | वडा अध्यक्ष |
| श्री कन्हैया प्रसाद कोईरी | १७ | वडा अध्यक्ष |
| श्री गोपाल डिस्वा मगर | १८ | वडा अध्यक्ष |

| | | |
|---|---|---|
| श्री बच्ची कहार | ५ | कार्यपालिका सदस्य |
| श्री भगवती कुमारी चौधरी | ११ | कार्यपालिका सदस्य |
| श्री सिमिर्ती देवी चौधरी | ४ | कार्यपालिका सदस्य |
| श्री सिता मइया चौधरी | १४ | कार्यपालिका सदस्य |
| श्री नानु कुमारी थापा खड्का | ३ | कार्यपालिका सदस्य |
| श्री सुरेश पासवान | | ५ कार्यपालिका सदस्य |
| श्री अमृत सिंह जि.सि. | २ | कार्यपालिका सदस्य |
| श्री कमलेश्वर ठाकुर | १५ | कार्यपालिका सदस्य |
| श्री भूपेन्द्र पाण्डेय | सदस्य सचिव- प्रमुख प्रशासकीय अधिकृत | |

मिति २०८२/१२/०१ गते रामग्राम नगरपालिकाको ५० औं कार्यपालिका बैठकमा पेश भएका प्रस्तावहरु:

प्रस्ताव नं. १ : अघिल्लो बैठकको समिक्षा सम्बन्धमा।

प्रस्ताव नं. २ : करार तथा ज्यालादारी कर्मचारीहरूको म्याद थप सम्बन्धमा ।

प्रस्ताव नं. ३ : ठेक्का रद्द गर्ने सम्बन्धमा ।

प्रस्ताव नं. ४ : जग्गा प्राप्त गर्ने सम्बन्धमा ।

प्रस्ताव नं. ५ : आयोजनाको म्याद थप सम्बन्धमा ।

प्रस्ताव नं. ६ : रकमान्तर सम्बन्धमा ।

प्रस्ताव नं. ७ : नगर स्थापना दिवस मनाउने सम्बन्धमा ।

प्रस्ताव नं. ८ : माध्यमिक तह (कक्षा ११ र १२) छात्रा शिक्षण सहायता अनुदान कार्यविधी २०८२ सम्बन्धमा ।

प्रस्ताव नं. ९ : रामग्राम नगरपालिकाको आवश्यक पूर्वाधार निर्माण कार्यक्रम सञ्चालन कार्यविधी २०८२ सम्बन्धमा ।

प्रस्ताव नं १०: रामग्राम नगरपालिकाको सवारी मर्मत गर्ने सम्बन्धमा ।

निर्णयहरु:

निर्णय नं. १: प्रस्ताव नं. १ माथि छलफल गर्दा यस अगाडि बसेको कार्यपालिकाको बैठकको निर्णयहरु माथि समिक्षा गरियो ।

निर्णय नं. २ : प्रस्ताव नं. २ माथि छलफल गर्दा रामग्राम नगरपालिकाको स्वीकृत संगठन संरचना अन्तर्गत १६ औं नगरसभाको निर्णय बमोजिम यस रामग्राम नगरपालिकामा करार तथा ज्यालादारीमा नियुक्त भएका कर्मचारीहरुको मिति २०८२ पौष मसान्त सम्म करार अवधि म्याद थप भएकोमा करार नविकरण गरी २०८३ असार मसान्त सम्म म्याद थपको निर्णय पारित गरियो ।

निर्णय नं. ३ : प्रस्ताव नं. ३ माथि छलफल गर्दा यस रामग्राम नगरपालिका वडा नं. ५, नवलपरासी जिल्ला अदालत अगाडी नेपाल सरकारको नाममा दर्ता श्रेस्ता कायम रहेको कित्ता नं. ६८ को ज.वि. ०–४–० जग्गा (नगरपालिकाले संरक्षण समेत गरी हाल हाटबजार लाग्ने)मा चालु आ.व. २०८२/०८३ मा "वडा नं. ५ मा प्रशासनिक भवन निर्माण" कार्यक्रम अन्तर्गत बेसमेन्ट, प्रथम र दोस्रो तल्ला निर्माणको लागि रु.९,४६,८४,३८१.१७ (भ्याट र कन्टिनजेन्सी समेत)को लागत अनुमान तयार भएकोमा उक्त कार्यका लागि २०८२/०२/२३ मा सूचना आव्हान भई ठेक्का मुल्यांकन पश्चात मिति २०८२/०६/३० मा B.M. Construction Pvt. Ltd., Bidur 01, Nuwakot सँग सम्झौता भएको, तर उक्त कित्ता नं. ६८, नेपाल सरकारको नाममा रहेको तथा फिल्डबुकमा पोखरी उल्लेख रहेको र प्रचलित कानुन बमोजिम यस नगरपालिकालाई भोगाधिकार/लिज समेत प्राप्त नभएको, नेपाल सरकारबाट भोगाधिकार प्राप्त नगरी निर्माण लगायतका कार्यहरु गर्न नहुने व्यवस्था रहेको र नगरपालिकालाई उक्त जग्गा संरक्षण गर्ने सम्मको

अधिकार मात्रै रहेको छ । हालसम्म प्रचलित कानुन बमोजिम नगरपालिकालाई उक्त जग्गाको भोगाधिकार प्राप्त नभएको तथा उक्त निर्माण व्यावसायीले समेत मिति २०८२/११/२९ गते उक्त ठेक्का रद्द गर्दा सम्झौताको बखत पेश गरेको कार्य सम्पादन साथै पेश्की, बापतको बैंक ग्यारेण्टी फुकुवा गर्दा कुनै किसिमको दाबी विरोध नगर्ने भनी निवेदन पनि पेश गरेकोले उक्त बैंक ग्यारेण्टीहरु फिर्ता गर्ने गरी ठेक्का सम्झौता रद्द गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४.** प्रस्ताव नं. ४ माथि छलफल गर्दा जिल्ला नवलपरासी साविक परासी ६ को कि.नं. ६८ को ज.वि. ०–४–० जग्गा विवरणमा सरकारी पोखरी रहेता पनि नगरपालिका स्थापना कालदेखि नै उक्त पोखरीलाई पुरी सोही स्थानमा दैनिक हाटबजार सञ्चालन गर्ने उद्देश्यले टहरा बनाई दैनिक हाटबजारको रुपमा हालसम्म नगरपालिकाले नै उपभोग गर्दै आइरहेको र नगरपालिकाको पहलमा मिति २०७९/१०/२९ गते नेपाल सरकारको नाउँमा दर्ता भएको तथा रामग्राम नगरपालिकाको आ.व. २०८२/०८३ मा प्रशासनीक भवन निर्माणका लागि बजेट समेत विनियोजन भएकाले उक्त नेपाल सरकारको नाउँमा दर्ता रहेको कि.नं. ६८ को जग्गा, जग्गा प्राप्ती ऐन, २०३४ तथा सरकारी जग्गा दर्ता, उपयोग तथा लिजमा उपलब्ध गराउने सम्बन्धी (पहिलो संशोधन) कार्यनीति, २०८२ मा उल्लेख भए बमोजिमको प्रक्रिया पुरा गरी उक्त जग्गामा रामग्राम नगरपालिकाले भोगाधिकार प्राप्त गर्न संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, काठमाडौं, भूमिसुधार तथा मालपोत कार्यालय, नवलपरासी (ब.सु.प.) तथा जिल्ला प्रशासन कार्यालय, नवलपरासी (ब.सु.प.) लाई अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५ :** प्रस्ताव नं. ५ माथि छलफल गर्दा आयोजना NP–DUDBC–370501–CW–RFP , Upgradation of Pokharapali–Panditpur Road, Ramgram कार्यको लागि आशिष आशिर्वाद जे.भी., त्रियुगा ०७, उदयपुरसँग 4th October, 2024 गते ५४० दिनमा सम्पन्न हुने गरी सम्झौता भएकोमा EOT-1 बाट 1st September 2025 सम्म म्याद थप साथै EOT-2 बाट 31st December 2025 सम्म म्याद थप भएकोमा र पुनः उक्त समयभित्र विभिन्न कारणले गर्दा उक्त समयमा कार्य सम्पन्न नभएको भनी निवेदन पेश गरेकोमा नेपाल शहरी शासकीय तथा पूर्वाधार आयोजना, बबरमहलबाट 31st March, 2026 सम्मका लागि म्याद थप गर्नको लागि सहमति समेत प्राप्त भएको हुदा उक्त मितिसम्म म्याद थप गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६ :** प्रस्ताव नं. ६ माथि छलफल गर्दा मेशिनरी, औजारमा अपुग रकम फर्निचर तथा फर्निसिङ शीर्षकमा विनियोजित रकम मध्येबाट २५% बराबर रु ४,००,०००।- रकमान्तर गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७ :** प्रस्ताव नं. ७ माथि छलफल गर्दा आगामि चैत्र १४ गते रामग्राम नगरपालिकाको आयोजनामा प्रथम पटक नगर स्थापना दिवस मनाउने निर्णय गरियो ।

निर्णय नं. ८ : रामग्राम नगरपालिकाको माध्यमिक तह (कक्षा ११ र १२) छात्रा शिक्षण सहायता अनुदान कार्यविधी २०८२ स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं. ९ : रामग्राम नगरपालिकाको आवश्यक पूर्वाधार निर्माण कार्यक्रम सञ्चालन कार्यविधी २०८२ स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं. १० : जेनजी आन्दोलनको क्रममा आगजानी तथा तोडफोड भएको सवारी साधन नं BBA0908 को यस कार्यालयको सवारी साधन मर्मत गर्ने ।